# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको कार्य सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९

सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको कार्य सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको कार्य सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल कार्यविधिको दफा २ को खण्ड (ख) मा संशोधनः (१) मूल कार्यविधिको दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखे ।

खण्ड (ख) "तालिम भन्नाले सहकारी क्षेत्रसंग सम्बन्धित ज्ञान, सीप र धारणा अभिवृद्दिको लागि केन्द्रबाट सञ्चालन गरिने प्रशिक्षण, अनुशिक्षण, अभिमुखीकरण र सचेतना कार्यक्रम समेतलाई सम्झनु पर्छ।"

(२) खण्ड (ग) पछि देहायको (ग१) र (ग२) थप गर्नेः

खन्ड (ग१) "प्रशिक्षक" भन्नाले "स्वीकृत पाठ्यक्रम र मार्गदर्शन अनुसार प्रशिक्षार्थीहरुलाई सहकारी सम्बन्धी सैद्दान्तिक, कानूनी र व्यावहारिक ज्ञान, सीप र धारणा प्रदान गर्ने केन्द्रका आन्तरिक एवं बाहिरी प्रस्तुतकर्तालाई सम्झनु पर्छ।"

यस खण्डको प्रयोजनका लागि आन्तरिक प्रस्तुतकर्ता भन्नाले केन्द्रका प्राचार्य तथा अधिकृत तहका सहकारी प्रशिक्षक र बाहिरी प्रस्तुतकर्ता भन्नाले दफा १३ बमोजिम केन्द्रले अनुसूचि २ को ढाँचामा तयार गरेको रोष्टरमा उल्लेखित सम्वन्धित विषय विज्ञलाई सम्झनु पर्छ ।

तर रोष्टरमा नाम उल्लेख नभएतापनि नीति निर्माणमा संलग्न विशिष्ट ज्ञान, सीप र अनुभव भएका विज्ञ तथा प्रशिक्षकको रुपमा योग्य व्यक्तिहरुलाई बाहिरी प्रस्तुतकर्ताको रुपमा आमन्त्रण गर्न वाधा परको मानिने छैन ।

खन्ड (ग२) "प्रशिक्षार्थी" भन्नाले "दफा ६ बमोजिम छनौट भई तालिममा सहभागी हुने सहकारी संस्थाका सञ्चालक, सदस्य र कर्मचारी सम्झनुपर्छ र सो शब्दले नियामक निकायका कर्मचारी तथा सरोकारवालालाई समेत जनाउँछ ।"

३. मूल कार्यविधिको दफा ६ को उपदफा (१) मा संशोधनः मूल कार्यविधिको दफा ६ को उपदफा (१) मा रहेको "पन्ध्र दिन" भन्ने शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राखिएको छ।

४. मूल कार्यविधिको दफा ७ मा संशोधनः(१) मूल कार्यविधिको दफा ७ को उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

तर भर्चुअल माध्यमवाट सञ्चालन गरिने तालिमको प्रकृति अनुसार केन्द्रले थप प्रशिक्षार्थी समावेश गरी तालिम सञ्चालन गर्न सक्नेछ ।

५. मूल कार्यविधिको दफा ८ मा संशोधनः(१) मूल कार्यविधिको दफा ८ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छः-

"(४) आन्तरिक प्रशिक्षकले प्रशिक्षण गर्दा प्रशिक्षण मोड्युल समेत पेश गर्नुपर्नेछ ।"

६. मूल कार्यविधिको दफा २३ मा संशोधनः (१) मूल कार्यविधिको दफा २३ पछाडि देहायको २३क, २३ख, २३ग, २३घ, २३ङ र २३च थप गर्नेः

"२३क. केन्द्रले विभिन्न निकायमार्फत् प्रदान गर्ने तालिमको गुणस्तर प्रमाणीकरण गर्न सक्नेछ ।

२३ख. केन्द्रले विषयगत, वहुउद्देश्यीय र वचत तथा ऋण लगायत सहकारीको क्षेत्रमा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका नविनतम विषयको खोज तथा अनुसन्धान गरी स्थापित असल अभ्यास तथा नविनतम मान्यता उपयोगको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

२३ग. केन्द्रले नेपालका अन्य सरकारी निकाय, विश्व विद्यालय र प्रशिक्षण केन्द्रहरुसंगो सहकार्यमा सहकारी क्षेत्रमा व्यवहारिक रुपमै ल्याउन सकिने नविनतम अवधारणाको विषयमा संयुक्त रुपमा सर्भेक्षण तथा अनुसन्धान गर्न सक्नेछ ।

२३घ. केन्द्रले सहकारी उत्पादन, ब्राण्डिङ्, प्याकेजिङ्, गूण नियन्त्रण, बजारीकरण, बिक्री तथा ग्राहकको ख्याल (कस्टमर केयर) र रोजगारीमा पारेको प्रभावको अध्ययन अनुसन्धान गर्न सक्नेछ ।

२३ङ. प्रदेश सरकार तथा स्थानीय तहको मातहत सञ्चालित सहकारी प्रशिक्षालय लगायत सहकारी क्षेत्रका प्रशिक्षण एकाईका लागि सहकारिता सम्बन्धी राष्ट्रिय स्रोत केन्द्रको रुपमा प्रशिक्षण विकास, प्रशिक्षण सञ्चालनमा सहयोग, शैक्षिक सामाग्री विकास तथा अनुभव आदान प्रदान लगायतका सेवा र टेवा उपलव्ध गराउन सक्नेछ ।

२३च. सहकारी सम्वद्ध सूचना, तथ्यांक ...

७. <u>मूल कार्यविधिको दफा २५मा संशोधनः</u> (१)मूल कार्यविधिको दफा २५ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखेः-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रबाट सञ्चालित तालिममा वाधा नपर्ने गरी तालिम तथा सेमिनार हल सरकारी निकाय, सहकारी संस्था, गैर सरकारी निकाय र निजी क्षेत्रलाई क्रमशः प्राथमिकतामा राखि भाडामा उपलब्ध गराउन सकिनेछ ।"

८. <u>मूल कार्यविधिको दफा २६मा संशोधनः</u> (१)मूल कार्यविधिको दफा २६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखेः-

"(१) प्रशिक्षक आवासमा केन्द्रमा कार्यरत प्रशिक्षकहरुलाई मात्र आवास सुविधा उपलब्ध गराइनेछ ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखेः-

"(२) आवास उपयोग गर्ने ~~कर्मचारीको~~ सरुवा, रमाना वा अवकाश भएको मितिले एक्काइस दिनभित्र अनिवार्य रुपमा त्यस्तो आवास खाली गर्नुपर्नेछ ।"

(३) उपदफा (४) को पछाडि देहायको उपदफा (५) राखेः-

"(५) यस दफा बमोजिम आवासको उपयोग उपयोग गर्दा विजुली तथा खानेपानीको महशुल वापतको रकम प्रशिक्षक स्वयंले व्यहोर्नुपर्नेछ । यसको लागि केन्द्रले छुट्टै मिटरको व्यवस्था गर्नुपर्नेछ ।

९. <u>मूल कार्यविधिको दफा २७मा संशोधनः</u> मूल कार्यविधिको दफा २७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नेः-

"(१क) उपदफा (१) मा उल्लेख भएको प्रशिक्षार्थी वाहेकका व्यक्तिलाई तालिम सञ्चालन नभएको र छात्रावास खाली रहेको अवस्थामा उपयोग गर्न दिनु परेमा प्रतिदिन पाँच सय रुपैयाका दरले अग्रिम शुल्क लिई उपलब्ध गराउन सकिनेछ ।"

१०. <u>मूल कार्यविधिको दफा ३९ को उपदफा (१) मा संशोधनः</u> मूल कार्यविधिको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएको छ ।

"(३९) सहभागीहरुलाई प्रमाणपत्र हुलाक मार्फत पठाइनेछ । आवश्यक्ता अनुसार प्रमाणपत्रको विद्युतीयप्रति विद्युतीय माध्यमबाट समेत पठाउन सकिनेछ ।"

यस दफाको प्रयोजनको लागि "विद्युतीय माध्यम" भन्नाले इमेल, भाइबर, मेसेन्जर, फ्याक्स वा यस्तै अन्य विद्युतीय माध्यमलाई बुझाउँछ ।

११. <u>मूल कार्यविधिको दफा ४१ मा संशोधनः</u> (१) मूल कार्यविधिको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ

"दफा ४१. पारिश्रमिक तथा आम्दानी सम्वन्धमा

(१) प्रशिक्षक, तालिम संयोजक, सह-संयोजक र सहयोगी कर्मचारीलाई पारिश्रमिक, भत्ता तथा अन्य सुविधा अनुसूची-१५ बमोजिम प्रदान गरिनेछ।

(२) तालिमको अन्य खर्च नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिकाको स्वीकृत नर्म्स अनुसार हुनेछ।

(३) केन्द्रले आफ्नो स्वामित्वमा रहेका तालिम तथा सेमिनार हल, उपकरण, धारा, बिजुली तथा अन्य अचल सम्पत्ति भाडामा लगाए वापत प्राप्त आय रकम सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय राजश्व शिर्षकमा दाखिला गर्नुपर्नेछ ।"

अनुसूची-१५
पारिश्रमिक/भत्ता तथा अन्य सुविधा
(दफा ४१ सँग सम्बन्धित)

| क.सं. | प्रयोजन/विवरण | कार्यपत्र | प्रवचन | जम्मा रकम रू. | स्पष्टिकरण/कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रशिक्षण भत्ता (प्रति कक्षा अवधि न्यूनतम १ घण्टा हुनेमा) | | | | |
| | क) अधिकृत स्तर | ३४००।- | ६००।- | ४०००।- | सहायकस्तर भन्नाले आधारभूत सहकारी तालिमका सहभागी सम्झनु पर्दछ। अधिकृतस्तर भन्नाले सो बाहेकका सबै तालिमका सहभागीलाई सम्झनु पर्दछ। |
| | ख) सहायक स्तर | २५००।- | ६००।- | ३१००।- | |
| २. | कार्यशाला/अन्तर्क्रिया/गोष्ठी/छलफल कार्यक्रम | | | | |
| क. | कार्यपत्र प्रस्तुतकर्ता | ३५००।- | १५००।- | ५०००।- | |
| ख. | टिप्पणीकर्ता | - | ३०००।- | ३०००।- | |
| ग. | र्यापोर्टियर | १५००।- | - | १५००।- | |
| ३. | राजपत्रांङ्कित प्रथम श्रेणी र सो भन्दा माथिका व्यक्तिहरुसमेत सहभागी हुने तालिम/गोष्ठी/फोरम /अन्तरक्रिया जस्ता कार्यक्रमहरुका लागि कार्यपत्र प्रस्तोता, (प्रति कार्यपत्र र प्रस्तुतिकरणका लागि) | | | ७०००।- | |
| ४. | सहभागी खर्च | | | | |
| | क) सहभागीको खाजा (प्रति व्यक्ति प्रति दिन) | | | २००।- | संयोजक, स्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारीलाई भौतिक उपस्थिति र अनलाइन माध्यमबाट सञ्चालन हुने दुवैका किसिमका तालिममा समेत। |
| | ख) आवास खर्च (प्रति व्यक्ति प्रति दिन) | | | ४००।- | केन्द्रमै भौतिक रुपमा सञ्चालित तालिममा आवासको लागि छात्र/छात्रावास उपलब्ध गराइने भएकोले आवास खर्च प्रदान गरिने छैन। |
| | ग) यातायात खर्च | | | प्रचलित बजार दर अनसार | |

| क.सं. | प्रयोजन/विवरण | कार्यपत्र | प्रवचन | जम्मा रकम रू. | स्पष्टिकरण/कैफियत |
|---|---|---|---|---|---|
| ५. | स्टेसनरी खर्च | | | १००।- | एक हप्ताभन्दा बढिको तालिम भएमा थप ७ कार्यदिनको लागि रु १००।- को दरले स्टेसनरी थप गर्न सकिने छ। |
| ६. | संयोजक भत्ता (प्रति दिन)<br>• अधिकतम १५ कार्यदिनसम्म<br>• १५ दिनपछि प्रति दिन | | | ७००।-<br>४००।- | संयोजक तालिम अवधिमा विदा बसेमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे वापत संयोजकले पाउने थप भत्ता पाउने छैन। |
| ७. | सह-संयोजक भत्ता (प्रति दिन)<br>• अधिकतम १५ कार्यदिनसम्म<br>• १५ दिनपछि प्रति दिन | | | ५००।-<br>३००।- | |
| ८. | सहयोगी भत्ता (प्रति दिन)<br>• अधिकतम १५ कार्यदिनसम्म<br>• १५ दिनपछि प्रति दिन | | | १५०।-<br>७५।- | |
| ९. | प्रश्नपत्र निर्माण (प्रति सेट) | | | १५००।- | वस्तुगत र विषयगत दुवैको लागि |
| १०. | प्रश्नपत्र मोडरेसन | | | १२००।- | वस्तुगत र विषयगत दुवैको लागि |
| ११. | उत्तर पुस्तिका परिक्षण (प्रति उत्तर पुस्तिका) | | | | |
| | क. वस्तुगत | | | २०।- | |
| | ख. विषयगत | | | ४०।- | |
| १२. | प्रतिवेदन लेखन | | | १०००।- | |
| १३. | मामिला परिक्षण (प्रति प्रतिवेदन) | | | १५००।- | |
| १४. | मामिला प्रस्तुतिकरण र फिल्ड भिजिटको रिपोर्ट प्रस्तुतिकरणको मूल्यांकन वापत (प्रति प्रस्तुतिकरण प्रति मूल्यांकन कर्ता) | | | ४००।- | सहभागीहरुलाई मामिला अध्ययनको लागि फिल्ड भिजिट गराइ प्राप्त प्रतिवेदन मूल्यांकन गरेमामात्र। |
| १५. | अन्य व्यवस्था नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका तथा प्रचलित कानून बमोजिम हुनेछ। | | | | |